# नेपाल खाद्य संस्थान प्रतिवेदन

(क)उजुरीको संक्षिप्त व्यहोराः

नेपाल खाद्य संस्थानले आ.व.२०७५/७६ मा तराईका बिभिन्न जिल्लाहरुबाट किसानहरुसँग धान खरिद गर्न नेपाल सरकारले न्यूनतम समर्थन मूल्य तोकेको तर संस्थानले ब्यापारीहरुसँग मिलोमतो गरी समयमा धान नकिनेर ब्यापारीले सस्तो मूल्यमा किसानसँग किनेको र पछि खाद्य संस्थानले ब्यापारी र दलालसँग सोही धान किनेर भ्रष्टाचार गरेकाले छानविन गरी पाउँ ।

(ख)तथ्यगत विवरणः

१. किसानले उत्पादन गरेको धानको उचित मूल्य प्राप्त होस भन्ने उद्देश्यले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/४/२३गतेको निर्णयले मोटा धानको रु २३३१.२२ र मध्यम धानको रु.२४६०.५७ न्यूनतम समर्थन मूल्य तोकिएको ।

२. मिति २०७५/७/१५ मा न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल खाद्य संस्थानलाई उक्त निर्णय पठाई निर्देशन दिइएको ।

३. मिति २०७५/८/३ मा वसेको नेपाल खाद्य संस्थानको सञ्चालक समितिको वैठकले नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने निर्णय गरेको । सो निर्णय कार्यान्वयन गर्नका लागि नेपाल खाद्य संस्थान प्रधान कार्यालयले अञ्चल तथा शाखा कार्यालयहरुलाई मिति २०७५/८/१० गते १३ बुँदामा निर्देशन दिएको ।

४. मिति २०७५/८/५ गतेको गोरखापत्रमा नेपाल खाद्य संस्थानले नेपाल सरकारले तोकेको समर्थन मूल्यमा सम्बन्धित किसानहरुबाट उत्पादित धान खरिद गर्ने कार्य तत्काल प्रारम्भ हुने भनि प्रेस विज्ञप्ति प्रकाशन गरेको ।साथै अंचल कार्यालय विराटनगरले मोरङ्ग जिल्ला स्थित सवै स्थानीय निकायलाई पत्र मार्फत र स्थानीय एफ.एम. वाट इच्छुक कृषकहरुमा धान खरिद गरिने भनी सूचना प्रसारण गरेको । विर्तामोडले २०७५ मंसिर १८ र १९ मा मेची टाइम्स दैनिक तथा कंचनजंगा एफ.एम. मा धान खरीद गरिने सूचना प्रकाशन तथा प्रसारण गरेको ।

५. मिति २०७५/८/७ मा नेपाल खाद्य संस्थान प्रधान कार्यालयले धान कुटानी दरभाउपत्र सम्बन्धी कार्यविधि निर्देशिका तयार गरी सोही अनुसार धान खरिद र कुटानीको आवश्यक व्यवस्था मिलाउन अंचल तथा शाखा कार्यालयहरुलाई परिपत्र/ निर्देशन दिएको ।

६. सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा कृषि ज्ञान केन्द्र, कृषक प्रतिनिधि, खाद्य संस्थानका प्रमुख सम्मिलित प्राथमिक खरिद समितिको वैठकबाट निर्णय गरी निर्देशिका बमोजिम १५ दिनको राष्ट्रियस्तरको पत्रिकामा सूचना कुटानीका सम्बन्धमा गरी दरभाउ पत्र माग गरी सबैभन्दा कम कबोल गर्ने चामल मिलसँग सम्झौता गरी निर्णय भै प्रकृया आरम्भ गरेको ।

७. अंचल कार्यालय लाहानले धान खरिदको कोटा थप गरी पाउन अनुरोध गरेबमोजिम नेपाल खाद्य संस्थानको व्यवस्थापन समितिको निर्णयानुसार लाहानलाई थप ४०,००० क्वी., त्यस्तै विराटनगरलाई थप १०,००० क्वी., विर्तामोडलाई थप १५,००० क्वी., विरगंजलाई थप १०,००० क्वी.सोना मन्सुली धान खरिद गर्न कोटा थप दिएको ।

८. उक्त बमोजिमको धान खरिद, कुटाई तथा बिक्रि बितरण र मौज्दातको बिवरण निम्नानुसार रहेको छः

धान तथा चामलको बिवरण
आ.व.२०७५/७६

परिमाणः क्वीन्टल

| सि.नं. | कार्यालय | स्वीकृत कोटा | थप कोटा | खरिद मिति | | जम्मा खरिद परिमाण | प्राप्त चामलको परिमाण | विक्री तथा चलान भएको चामलको परिमाण | मौज्दात रहेको चामलको परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शुरु | अन्तिम | | | | | |
| १ | अंचल कार्यालय, विर्तामोड | १०,००० | १५,००० | ०७५/८/२४ | १०/२८ | २४,९९९.६५ | १५,८४९.९० | २७४५.७० | १३१०४.२० | |
| २ | अंचल कार्यालय, विराटनगर | १०,००० | १०,००० | ०७५/९/२ | ११/५ | १९,१९०.१६ | १२,८०७.७० | ५,१५६.२० | ७,६५१.१० | |
| ३ | अंचल कार्यालय, लाहान | ३०,००० | ४०,००० | ०७५/८/२१ | १०/२५ | ६९,९९५.३२ | ४५,१४७.०२ | २४,५८६.६३ | २०,५६०.३९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शाखा कार्यालय, वीरगंज | १५,००० | १०,००० | ०७५/८/१८ | ११/७ | २४,५८७.६० | १५६१३.२० | ९८६३.८० | ५७४९.४० | |
| जम्मा | | ६५००० | ७५००० | | | १३८७७२.७३ | ८९४१७.८२ | ४२३५२.३३ | ४७०६५ | |

(ग) विश्लेषण तथा निष्कर्षः

- उजुरीमा औल्याएका विषयमा विश्लेषण गर्दा किसानले उत्पादन गरेको धानको उचित मूल्य प्राप्त होस भन्ने उद्देश्यले वर्षे धान रोपाई हुँदाकै समयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/४/२३ गतेको निर्णयबाट न्यूनतमसमर्थन मूल्य तोकेको देखिन्छ भने उक्त निर्णय कार्यान्वयनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०७५/७/१५ मा मात्र नेपाल खाद्य संस्थानलाई निर्देशन दिएको देखिएकाले **नेपाल सरकारको निर्णय समयमा नै कार्यान्वयन भएको हो भन्ने अवस्था देखिएन** । उक्त निर्णय प्राप्त भएपश्चात नेपाल खाद्य संस्थानले नेपाल सरकारको निर्णय कार्यान्वयनका लागि तदारुकताका साथ व्यवस्थापन समितिको वैठक बसेको साथै धान खरिद तथा कुटानी सम्बन्धमा कार्यविधि निर्देशिका तयार गरी आफु मातहतका अंचल तथा शाखा कार्यालयहरुलाई निर्देशन दिइएको देखिन्छ ।

- नेपाल खाद्य संस्थानका अंचल तथा शाखा कार्यालयहरुले पनि धान खरिद तथा कुटानी सम्बन्धी निर्देशिका वमोजिम प्राथमिक खरिद समितिको वैठकबाट निर्णय गरी धान कुटानीका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरी दरभाउ पत्र माग गरी सवैभन्दा बढी प्रतिलब्धी प्रतिशत भएको र सबैभन्दा घटी कुटानी ज्याला कबोल गर्ने चामल मिलसंग सम्झौता गरी प्रकृया अघि वढाएको पाइयो । अंचल कार्यालय विराटनगर तथा विर्तामोडले "नेपाल सरकारले तोकेको मध्यम धानको समर्थन मूल्य प्रति क्वीन्टल रु.२४६०।५७ मा यस कार्यालयले गोदामबाट सोना मन्सुली धान खरिद गरिरहेको हुँदा संस्थानलाई धान विक्री गर्न इच्छुक कृषकहरुमा जानकारी गराइन्छ" भनि स्थानीय एफ.एम.मा सूचना प्रकाशित गरी कृषकहरुलाई जानकारी दिईएको पाइयो । यसबाट खरिद प्रक्रियामा पारदर्शिता दिलाउने कोसीस भएको देखिन्छ ।

- खाद्य संस्थानले धान खरिद गर्दा धान विक्री गर्ने किसानसंग स्व-घोषणा फारम भराई नागरिकता/परिचयपत्र छायाँप्रति समेत लिई खरिद रजिष्टरमा नाम, वजन र

मूल्य उल्लेख गरी निर्देशिकामा उल्लेख भएबमोजिमको प्रक्रिया पुरा गरी खरिद गरेको देखिन्छ । खाद्य संस्थानले वास्तविक किसानले उत्पादन गरेको धान खरिद गरे वा नगरेको भन्ने सम्बन्धमा धान खरिद गर्दा भरेको खरिद रजिष्टरमा व्यक्तिहरुको नाम दोहोरिएको देखिएको, सो सम्बन्धमा खाद्य संस्थानमा गै छलफल गर्दा स्थानीय किसानहरु टाढा टाढाबाट आउनु पर्ने, परिमाण पनि थोरै थोरै हुनाले तथा किसानसंग गोरुगाडा मात्र हुने भएकाले उनीहरु आपसमा मिली समूह बनाई आफु मध्ये एउटा ब्यक्तिलाई जिम्मा लगाउने गरेकाले एउटै ब्यक्तिसंग खरिद गरेको परिमाण धेरै देखिएको भनि जानकारी प्राप्त भएको । सो सम्बन्धमा विश्लेषण गर्दा खरिद रजिष्टरमा धान विक्री गर्ने व्यक्तिको नाम दोहोरिएको र परिमाण पनि धेरै देखिएको जस्तैः अंचल कार्यालय लाहानले एक व्यक्तिसंग मिति ०७५/९/१३ मा ९००, ९/२२ मा ७५०, ९/२३ मा १,०१२, ९/३० मा १,०००, १०/२ मा ९८८, १०/३ मा ७५०, १०/४ मा ९८८, १०/६ मा ८५०, १०/१७ मा ८१२, १०/२० मा १,००० र १०/२३ मा १,००० क्वीन्टल धान गरी जम्मा १०,०५० क्वीन्टल धान खरिद गरेको देखिएकाले **एउटै किसानले यति ठुलो परिमाणमा धान उत्पादन गरी बिक्री गर्न सक्ने वास्तविक किसान नै हुन भन्ने आधार नदेखिएको** । साथै अंचल कार्यालय विराटनगरको खरिद रजिष्टरमा उल्लेख भएका व्यक्तिहरु मध्येबाट केही ब्यक्तिहरुसंग फोन सम्पर्क गर्दा निजहरु धान खरिद तथा बिक्रि गर्ने व्यापारी भएको भन्ने बुझिएकाले **खाद्य संस्थानले वास्तविक किसानसंग मात्र धान खरिद गरेको हो भन्ने अवस्था देखिएन** ।

- अंचल कार्यालय लाहानले २५/२६ दिनमा ७०,००० क्वीन्टल धान खरिद गरेको तर उक्त परिमाणमा धान खरिद गर्न कम्तिमा ४ महिना लाग्छ भनी उजुरीमा उल्लेख भएको वुँदामा अनुसन्धान गर्दा उक्त कार्यालयले खडा गरेको खरिद रजिष्टर ४ वटा भनि देखिएकाले दैनिक ४ वटा कांटा प्रयोग गरी **६५ दिनमा सो परिमाणमा धान किन्न सकिदैन भन्ने आधार नदेखिएको** ।

- जुम्लाको ठेगाना भएको व्यक्तिले पर्सामा धान वेचेको भन्ने उजुरीमा उल्लेखित वुँदाका सम्बन्धमा नेपालमा एक ठाउँबाट अर्को ठाउँमा आवत जावत तथा बसोबास गर्ने स्वतन्त्रता भएकाले कामको सिलसिला वा वसाई सराई गरी मूलुकको एक स्थानबाट अर्को स्थानमा जाने आउने प्रवृत्ति नेपालमा रहेकाले **सोलाई अन्यथा भन्न सकिएन** ।

- खाद्य संस्थान धान खरिद गर्दा किसानले पेश गरेका नागरिकता भएका व्यक्तिको खेती योग्य जमिन भए नभएको सम्बन्धमा अनुसन्धान गर्न धेरै समय र लागत लाग्ने भएकाले यस समितिलाई दिएको समायावधि तथा श्रोत साधनले सो बुँदामा प्रवेश गर्न सकिएन ।

- चामल मान्छेले खान मिल्ने खालको छ वा पशुले खान मिल्ने खालको छ भन्ने उजुरीमा उल्लेखित बुँदाका सम्बन्धमा खाद्य संस्थानले धान खरिद गर्दा धानको गुणस्तर जाँच गरेर मात्र खरिद गर्ने र धान कुटान पछि प्राप्त हुने चामलको गुणस्तरका सम्बन्धमा कुटान गर्ने चामल मिल र खाद्य संस्थान बीच भएको धान कुटानी सम्झौता गर्दा नै खाद्य संस्थानले निर्धारण गरेको निर्देशिकमा उल्लेख भए बमोजिमको गुणस्तरयुक्त नभएमा उक्त चामल नलिने गरिएको भनि छलफलका क्रममा खाद्य संस्थानबाट जानकारी प्राप्त भएको साथै धान चामलको गुणस्तरको एकिन गर्न संस्थानमा आफ्नै प्राविधिक जनशक्ति रहेकोले गुणस्तरको चेकजाँच परिक्षण समेत गर्ने गरेको कुरा छलफलको क्रममा जानकारी प्राप्त भयो। साथै आ.व. २०७५/७६ मा खाद्य संस्थानले ८९,४१७.८२ क्वी. चामल प्राप्त भएकोमा त्यस मध्ये ४२,३५२.३३(४७.३६ प्रतिशत) विक्रि गरिसकेको र ४७,०६५ क्वी.(५२.६४ प्रतिशत) चामल बाँकी रहेको भनि जानकारी प्राप्त भएको।

नेपाल खाद्य संस्थानको केन्द्रबाट निर्देशिका, निर्देशनहरु पर्याप्त दिएको, स्थानीय स्तरमा समेत मूल्य निर्धारण समितिहरु रहेको, कुटानी पिसानीको काममा खरिदको प्रचलित कानून बमोजिमको प्रक्रियाहरु पुरा गरेको आदि विषयहरु यसमा देखिएका सकारात्मक पक्षहरु हुन ।सरकारले किसानले उत्पादन गरेको धानको उचित मूल्य प्राप्त होस भन्ने उद्देश्यले समर्थन मूल्य तोकेको कारणबाट धानको मूल्यमा केही बृद्धि भई कृषकलाई अप्रत्यक्ष रुपमा केही फाइदा भएको भएतापनि किसानलाई भन्दा पनि विचौंलयालाई नै वढी फाइदा पुगेको देखिन्छ ।

(घ) सुझावः

१) नेपाल सरकारले मिति २०७५/४/२३ मा धानको समर्थन मूल्य तोकेको तर त्यसको कार्यान्वयनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०७५/७/१५ मा नेपाल खाद्य संस्थानमा पठाएको देखाएकोले सम्बन्धित

सरोकारवाला निकायले समयमै सरकारको निर्णय कार्यान्वयनमा ध्यान दिनु पर्ने ।

२) विशेष/छुट्टै निर्णय गरेर भन्दा संस्थानको नियमित कार्यक्रमको रुपमा हरेक वर्षको सिजन अनुसारको कार्यतालिका बनाई धान खरिद, कुटानी, पिसानी, बिक्रि बितरण, भण्डारणको काम गर्न उपयुक्त हुने ।

३) धान कुटानीका लागि चामल मिलहरुलाई दरभाउपत्र लिई सम्झौता गर्दा प्रत्येक जिल्लामा फरक फरक दररेट कायम भएको देखिएकाले एकरुपता कायम गर्न सो को न्यूनतम प्रति क्वीन्टल कुटानीको लागत अनुमान स्वीकृत गरी गराई (दररेट) प्रकृया अगाडी बढाउनु पर्ने ।

४) वास्तविक किसानहरुको पहिचान गरी तिनलाई प्रत्यक्ष लाभ हुने वातावरण तयार गरी उल्लेखित कार्य गर्नु पर्ने ।

५) धान उत्पादन हुने समय कात्तिक देखि पौष महिनामा नेपाल खाद्य संस्थानले किसानका घर दैलोमा पुग्न घुम्ति टोली गठन गरी धान खरिद गर्ने ब्यवस्था गरेमा बास्तविक किसानहरु प्रत्यक्ष लाभान्वित हुन सक्ने भएकाले सो अनुसार कार्यतालिका बनाई प्रचार प्रसार गरी खरिदको प्रक्रिया अगाडी बढाउनु उपयुक्त हुने ।

६) उजुरी/निवेदनमा उठाइएका गुनासो तथा सवालहरुको सम्बोधन हुने किसिमले अबदेखि धान खरिद, कुटानी, भण्डारण र विक्रि बितरणको ब्यवस्था मिलाउन नेपाल खाद्य संस्थानलाई निर्देशन दिनुपर्ने।

**(ङ) राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०७।०३ को निर्णयः**

नेपाल खाद्य संस्थानमा आ.व. २०७५।७६ मा धान खरिदमा अनियमितता भएको भन्ने उजुरीको छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न र यस सम्बन्धी मोवाईल एप्सको निर्माण गरी (किसानहरुले धानको मूल्य थाहा पाउने र के कति धान विक्रि गर्न सक्ने हो सो समेत एप्स मार्फत खाद्यसंस्थानले र किसानहरुले जानकारी पाउन सक्ने खालको) सोही मार्फत किसानहरुसँग धान खरिद गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल खाद्य संस्थानमा निर्देशन दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।